नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०८२ कार्तिक १ गतेदेखि २०८२ पुस मसान्तसम्म)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १. निकायको स्वरुप र प्रकृति

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, रोजगारीका लागि सीपयुक्त आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन, बालश्रम निवारण लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु पनि यस मन्त्रालयको जिम्मेवारी रहेको छ ।

मन्त्रालयको स्थापना हुनु अघि वि.सं.२०२८ मा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको थियो । श्रम विभाग स्थापना भएको एक दशक पछि वि.सं. २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । नेपाल सरकारको कार्यविभाजन नियमावली परिवर्तन भई वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भइ श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुन गयो । यसै क्रममा वि.स.२०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगी श्रम तथा रोजगार मन्त्रालय नामाकरण भयो । पुनः वि.सं. २०७४ मा कार्यक्षेत्र विस्तार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भएको छ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

क. श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
ख. वैदेशिक रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन,
ग. श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
घ. औद्योगिक विवाद समाधान,
ङ. रोजगार सम्बन्धी तथ्यांक, अध्ययन र अनुसन्धान,
च. श्रम तथा व्यवसायजन्य सुरक्षा निरीक्षण र श्रम सम्बन्ध सम्बन्धी आयोग,
छ. रोजगार उन्मुख सीपमूलक एवम् व्यवसायिक तालिम नीति,
ज. ट्रेडयुनियन सम्बन्धी एकिकृत कानून र नियमन,
झ. बालश्रम निवारण सम्बन्धी नीति र कानून,
ञ. व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी नीति, कानून र मापदण्ड,
ट. विदेशीहरुका लागि श्रम स्वीकृति,
ठ. श्रम सहचारी,
ड. बेरोजगार सम्बन्धी एकिकृत तथ्यांक व्यवस्थापन, अध्ययन र अनुसन्धान,
ढ. मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
ण. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

## ३. निकायमा रहेका महाशाखा एवम् शाखाहरुको विवरण:

यस मन्त्रालय अन्तर्गत प्रशासन तथा योजना महाशाखा, वैदेशिक रोजगार व्यवस्थापन महाशाखा, श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा र आन्तरिक रोजगार व्यवस्थापन महाशाखा रहेका छन् । प्रशासन तथा योजना महाशाखा अन्तर्गत प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा र कानून तथा फैसला कार्यान्वयन शाखा रहेका छन् । रोजगार व्यवस्थापन महाशाखा अन्तर्गत रोजगार आप्रवासन निति शाखा र वैदेशिक रोजगार व्यवस्थापन शाखा रहेका छन् । त्यस्तैगरी श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा अन्तर्गत श्रम सम्बन्ध शाखा, बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा र श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखा रहेका छन् । आन्तरिक रोजगार व्यवस्थापन महाशाखा अन्तर्गत रोजगार समन्वय तथा सीप विकास शाखा, रोजगार कार्यक्रम व्यवस्थापन शाखा र सूचना प्रविधि तथा तथ्यांक शाखा रहेका छन् । उपरोक्त महाशाखा तथा शाखाहरुको विस्तृत कार्य विवरण यस मन्त्रालयको वेबसाइट www.moless.gov.np मा राखिएको छ ।

## ४. निकायमा रहने दरवन्दी र कर्मचारी संख्या

मन्त्रालयमा राजपत्रांकित र राजपत्र अनंकित (स्थायी एवम् करार) जम्मा ८२ र अस्थायी दरबन्दी जम्मा १६ गरी कूल स्वीकृत दरबन्दी ९८ रहेको छ । यस मन्त्रालयको दरवन्दी एवम् सँगठन संरचना देहाय बमोजिम रहेको छ:-

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -१.१

# नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
### प्रस्तावित संगठन संरचना

**माननीय मन्त्री**

**सचिवालय**
उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-१

**सचिव**
विशिष्ट श्रेणी-१

**सचिवालय**
शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-१

**प्रशासन तथा योजना महाशाखा**
सहसचिव (रा.प.प्र./ने.प्र.)-१

- **प्रशासन शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-३
  नायब सुब्बा (रा.प.अनं.प्र./ने.प्र./सा.प्र.)-८
  कम्प्युटर अपरेटर (रा.प.अनं.प्र./ने.वि.)-६
  कम्प्युटर टेक्निसियन (रा.प.अनं.प्र./ने.वि.)-२
  हलुका सवारी चालक (श्रेणी विहिन)-९
  कार्यालय सहयोगी (श्रेणी विहिन)-१२
- **आर्थिक प्रशासन शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./लेखा)-१
  लेखा अधिकृत (रा.प.तृ./ने.प्र./लेखा)-१
  लेखापाल (रा.प.अनं.प्र./ने.प्र./लेखा)-१
- **नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२
- **कानून तथा फैसला कार्यान्वयन शाखा**
  उपसचिव (रा.प.द्वि./न्याय/कानून)-१
  कानून अधिकृत (रा.प.तृ./न्याय/कानून)-१

**वैदेशिक रोजगार व्यवस्थापन महाशाखा**
सहसचिव (रा.प.प्र./ने.प्र.)-१

- **रोजगार आप्रवासन नीति शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२
- **वैदेशिक रोजगार व्यवस्थापन शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२

**श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा**
सहसचिव (रा.प.प्र./ने.प्र.)-१

- **श्रम सम्बन्ध शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२
- **बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा**
  सि.डि.ई.(रा.प.द्वि.मे.ई./मे./ज.मे.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-१
  मे.ई.(रा.प.तृ./ने.ई./मे./ज.मे.)-१
- **श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-१

**आन्तरिक रोजगार व्यवस्थापन महाशाखा**
सहसचिव (रा.प.प्र./ने.प्र.)-१

- **रोजगार समन्वय तथा सीप विकास शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२
- **रोजगार कार्यक्रम व्यवस्थापन शाखा**
  उपसचिव (रा.प.द्वि./ने.प्र./सा.प्र.)-१
  शाखा अधिकृत (रा.प.तृ./ने.प्र./सा.प्र.)-२
- **सूचना प्रविधि तथा तथ्याङ्क शाखा**
  निर्देशक (कम्प्युटर)(रा.प.द्वि./ने.विविध)-१
  तथ्यांक अधिकृत(रा.प.तृ./ने.आ.यो तथा त.)-१
  कम्प्युटर ईन्जिनियर (रा.प.तृतीय/ने.विविध)-३

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

भरतमणि सुवेदी
सचिव

५. प्रमुख एवम् उजुरी सुन्ने अधिकारी र सूचना अधिकारीको नाम र पद

**प्रमुखः** श्री कृष्णहरि पुस्कर, सचिव
**प्रवक्ताः** श्री पिताम्बर घिमिरे, सह-सचिव
**सहायक प्रवक्ताः** श्री मेघनाथ रिमाल, उप-सचिव
**सूचना अधिकारीः** श्री जनकराज शर्मा, उप-सचिव
**गुनासो सुन्ने अधिकारीः** श्री मेघनाथ रिमाल, उप-सचिव
**लैङ्गिक सम्पर्क अधिकारीः** श्री शारदा भण्डारी, उप-सचिव
**मन्त्रालयको वेवसाइटः** www.moless.gov.np

६. नीति, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

नीति

- राष्ट्रिय रोजगार नीति,२०७१
- वैदेशिक रोजगार नीति,२०६८
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६

ऐन

- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- वैदेशिक रोजगार ऐन, २०६४
- ट्रेड युनियन ऐन, २०४९
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बोनस ऐन,२०३९

नियमावली

- वैदेशिक रोजगार नियमावली,२०६४
- वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५
- श्रम नियमावली, २०७५
- श्रम अदालत कार्यविधि नियमावली, २०५२
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- सामाजिक सुरक्षा कोष नियमावली,२०७५
- बालश्रम(निषेध र नियमित गर्ने) नियमावली,२०६२
- बोनस नियमावली, २०३९
- ट्रेड युनियन नियमावली, २०५०
- बालबालिका (विकास तथा पुनस्थापना) कोष नियमावली, २०५३
- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**मुख्य निर्देशिका/कार्यविधि/मापदण्ड**

- विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६
- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५
- श्रम अडिट मापदण्ड, २०७५
- ध्वनी र प्रकाश सम्बन्धी मापदण्ड,२०७३
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण र अनुगमन सम्बन्धी कार्यविधि, २०७२
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- वैदेशिक रोजगारमूलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७४
- वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन कार्यविधि, २०६८
- कार्यस्थलमा आधारित एप्रेन्टिशिप तालिम कार्यविधि, २०७६
- आन्तरिक व्यवस्थापन निर्देशिका, २०७५
- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५
- विदेशी नागरिकहरुको श्रम इजाजत व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- वैदेशिक रोजगारमा घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७३
- ईट्टा उद्योगमा काम गर्ने श्रमिकको व्यवसायजन्य सुरक्षा एवम् स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७६
- इजरायलमा नेपाली सहयोगी कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७८
- जापानमा निश्चित सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०
- गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउने सम्बन्धी कार्यविधि, २०८०
- वैदेशिक रोजगार ठगीका उजुरीको मेलमिलाप तथा सिफारिस गर्ने कार्यविधि, २०८०
- श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१
- काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति सम्बन्धी मापदण्ड, २०८१
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१
-

## ७. मन्त्रालयको शाखागत रुपमा सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

### (क) प्रशासन तथा योजना महाशाखा

१. प्रशासन शाखा

| सि.नं. | विषय | कार्य प्रगति |
|---|---|---|
| १ | नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन | • यस मन्त्रालयबाट नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्तुत हुने विभिन्न प्रस्तावहरु प्रणाली मार्फत पठाउन सहजीकरण गरी Cabinet Decision Implementation Monitoring System मार्फत यस मन्त्रालयलाई प्राप्त हुने प्रगति विवरणहरु नियमित रुपमा अध्यावधिक गरिएको । |
| २ | सरुवा/काज/पदस्थापन/ रमाना/नियुक्ति | • यस अवधिमा जम्मा:-<br>क) सरुवा - x ख) काज /कामकाज- x<br>ग) पदस्थापना- २३ घ) रमाना- २७<br>ङ) अनिवार्य अवकाश/राजिनामा स्वीकृत- २ च) नियुक्तिः x |
| ३ | मनोनयन | • वैदेशिक मनोनयन- विभिन्न विषयका ८ वटा कार्यक्रमहरुमा सहभागी हुन मनोनयन गरिएको ।<br>• सेवाकालीन प्रशिक्षण तालिम मनोनयन - x |
| ४ | पत्राचार/संचार | • यस अबधिमा जम्मा २६० वटा चीठ्ठीपत्रहरु विभिन्न निकायमा पत्राचार गरिएको। |
| ५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरी | • यस अवधिमा कूल ५ वटा उजुरी/गुनासो प्रास भएकोमा सो फछ्र्यौट भएको । |
|  | राष्ट्रिय सतर्कता केन्द्र/ हेलो सरकारका उजुरी | • यस अवधिमा हेलो सरकारवाट प्राप्त भएको १ वटा उजुरी/गुनासो आएकोमा सो फछ्र्यौट भएको । |
|  | अन्य उजुरी गुनासो व्यवस्थापन | • |
| ६ | खरिद सम्बन्धमा | • मन्त्रालयमा आवश्यक कार्यालय सामग्री खरिद सम्बन्धी सूचना प्रकाशन गरिएको । |
| ७ | जिन्सी व्यवस्थापन | • यस मन्त्रालयको स्वामित्वमा रहेका सवारी साधन र अन्य सम्पत्तिहरुको बिवरण PAMS मा नियमित रुपमा प्रविष्ट भइरहेको। |
| ८ | अन्य | • सचिवस्तरीय बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति विवरण नियमित रुपमा पठाइएको ।<br>• |

२. नीति, योजना तथा बहुपक्षीय समन्वय शाखा

- यस अवधिमा कूल क्रियाकलापहरुको संख्या २१ र कूल माइलस्टोन संख्या ३३ रहेकोमा ७ वटा कार्य सम्पन्न भएको र नियमित ४ वटा कार्य भइरहेको छ भने अन्य काम शुरु भएको ।
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम विस्तार भई कूल ५५७ स्थानीय तह पुगेको।

- यस मन्त्रालय र अन्तर्गत निकायको प्रगति समीक्षा तथा मन्त्रालयगत समस्या समाधान समिति (MDAC) को बैठकको नियमित आयोजना गरिएको ।
- सुरक्षित आप्रवासनको वित्तीय मार्गदर्शन २०८२ स्वीकृत भएपछि कार्यान्वयन गरिएको ।
- व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना (२०८०/८१ – २०८४/८५) बमोजिम प्रदेश स्तरमा रहेका प्रमुख सचिवको संयोजकत्वमा अनुगमन तथा मूल्यांकन समितिको नियमित बैठक गरिएको ।

## ३. आर्थिक प्रशासन शाखाः

**आ.व. ०८२/८३** **२०८२ श्रावण १ देखि असोज मसान्त सम्म**

| बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | | खर्च | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुंजीगत | वित्तीय | जम्मा | चालु | पुंजीगत | वित्तीय | जम्मा |
| ३७१०००११ | श्रम, रोजगार तथा सा.सु.मं. | १४६८००००० | ८१००००० | ० | १५४९००००० | ३०४९४६८५.५२ | ० | ० | ३०४९४६८५.५२ |
| ३७१००१०१ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३२४५३०००० | ८३००००० | ० | ३३२८३०००० | ५४४०२ | ० | ० | ५४४०२ |
| ६०१०००१२३ | उपदान | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६०१०००१३३ | संचित विदा | १५९०९५३ | ० | ० | १५९०९५३ | १२८८६९९ | ० | ० | १२८८६९९ |
| ६०१०००१६३ | औषधी उपचार | १७५५४६९ | ० | ० | १७५५४६९ | ९८२८१६ | ० | ० | ९८२८१६ |
| ३७१००१०२ | राष्ट्रिय रोजगार कार्यक्रम | २८२००००० | १३००००० | | २९५००००० | ३७५२९१ | १७७१२ | | ३७५२९१ |
| ३७१००१०४ | बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुन एकिकरण परियोजना पहिलो चरण | २१०२००००० | ७००००० | ० | २१०९००००० | ३८८०० | ० | ० | ३८८०० |
| कूल जम्मा | | ७१३०७६४२२ | १८४००००० | ० | ७३१४७६४२२ | ३३२३४६९४.५२ | १७७१२ | ० | ३३२५२४०५.५२ |

## ४. कानून तथा फैसला कार्यान्वयन शाखा

- मन्त्रालय विरुद्ध परेका रिट/निवेदनको लिखित जवाफ सम्बन्धित अदालत समक्ष पेश गरिएको। (सम्मानित सर्वोच्च अदालतमा ३ वटा र सम्मानित उच्च अदालतमा ३ वटा)
- उदयपुरको त्रियुगा नपा ११ स्थित साविक हिमाली यातायात व्यवसायी संघमा कार्यरत श्रमिकहरुको सेवा सुविधा वापतको रकम उपलब्ध गराउने निर्णय कार्यान्वयन सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट राय माग गरिएकोमा राय पठाइएको ।
- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली २०८२ स्वीकृत भएपछि मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको ।
- निवेदक त्रिवेणी स्पिनिङ मिल्स लिमिटेड भएको निषेधाज्ञा मुद्दामा मध्यस्थताको प्रक्रिया प्रारम्भ सम्बन्धमा यस मन्त्रालयबाट भएका काम कारवाही वारेमा श्री उच्च अदालत जनकपुर र अस्थायी इजलास वीरगञ्ज पठाइएको ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ लाई नेपाल सरकार मन्त्रिपरिषद समक्ष पेश गर्नुपूर्व रायका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गराउने स्वास्थ्य संस्थाहरुको सूचीकरण सम्बन्धी सूचना मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सु...
सिंहदरबार, काठ...

- नेपाल स्वास्थ्य व्यवसायी महासंघद्वारा माग गरिएको सूचना उपलब्ध गराइएको ।
- मन्त्रालय वा मातहत निकायबाट कानूनी राय परामर्श माग भएका विषयमा देहाय बमोजिम लिखित राय वा परामर्श उपलब्ध गराइएको:-
  - नेपाली प्राविधिक अभ्यासार्थी ........ जापान पठाउने निर्देशिका (प्रथम संशोधन २०६७ सहित) २०६६ खारेजी सम्बन्धमा ।
  - लिङ्कन स्कुलमा कार्यरत सम्पूर्ण विदेशी कर्मचारीलाई श्रम इजाजत तथा श्रम स्वीकृतिको दस्तुर छुट सम्बन्धमा ।
  - सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ को पहिलो संशोधन मस्यौदा सम्बन्धमा ।

**(ख) <u>रोजगार व्यवस्थापन महाशाखा</u>**

**१. वैदेशिक रोजगार व्यवस्थापन शाखा:**

- जर्मनीमा सीपमूलक प्रशिक्षार्थीसंगै रोजगारीमा जाने नेपाली विद्यार्थीका लागि Workpermit सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट राय प्राप्त भएको ।
- नेपाल सरकार र इजरायल सरकारबीच हुने श्रम सम्झौता नवीकरण प्रस्ताव तथा नेपाल सरकार र ओमान सरकारबीच हुने श्रम सम्झौता प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२।०९।२१ मा स्वीकृत भएको ।
- नेपाल सरकार र साउदी सरकारबीच हुने श्रम सम्झौता प्रस्तावलाई नेपाल सरकारबाट निर्णय गरी यस मन्त्रालयलाई अख्तियारी प्रदान गरिए अनुसार दुबै पक्ष बीच हस्ताक्षर सम्पन्न भएको ।
- वैदेशिक रोजगारीका लागि संस्थागत रुपमा नयाँ एवम् आकर्षक गन्तव्य मुलुक पहिचानका लागि थप अध्ययन भई विभिन्न सुझावहरु प्राप्त भइरहेको ।
- गन्तव्य देशका रोजगारदाताबाट प्राप्त मागपत्र प्रमाणिकरण गर्ने अधिकार नेपाली दूतावासमा रहेकोमा मागपत्र प्रमाणिकरणलाई थप व्यवस्थित गर्न परराष्ट्र मन्त्रालय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट विभिन्न कूटनीतिक नियोगहरुसँग भर्चुअल बैठक गरिएको ।

**२. रोजगार आप्रवासन नीति शाखा:**

- Nepal Forum on Migration and Development का सन्दर्भमा थप छलफल एवम् अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको ।
- वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावलीलाई समसामयिक बनाउन संशोधन मस्यौदा तर्जुमा भई सम्बन्धित निकायहरुमा राय माग गरिएको ।
- नेपाल सरकार र ओमान सरकार बीच हुने श्रम सम्झौताका लागि नेपाल सरकारबाट मिति २०८२।०९।२१ मा स्वीकृति प्रदान भएको ।
- व्यवस्थित एवम् सुरक्षित गन्तव्य मुलुकसँग नयाँ श्रम सम्झौताका लागि नेपाल सरकारले युरोपियन सहितका विभिन्न १६ मुलुकलाई प्रस्ताव गरिएको ।
- इराक गई त्यहाँको आधिकारिक भिसा (Valid Residency Card) प्राप्त गरेका नेपाली नागरिकहरुलाई श्रम स्वीकृति प्रदान गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२।०९।११ मा निर्णय भएको ।
- नेपाली प्राविधिक अभ्यासार्थी कामदार जापान पठाउने निर्देशिका, (संशोधन सहित) २०६६ खारेज गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२।०९।११ मा निर्णय भएको ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## (ग) श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा

### १. श्रम सम्बन्ध शाखा

- अन्तर्राष्ट्रिय श्रम सँगठन (ILO) मा नियमित रुपमा प्रतिवेदन गर्नुपर्ने Forced Labour Convention, १९३० (No. २९), Abolition of Forced Labour Convention, १९५७ (No. १०५), Minimum Age Convention, १९७३ (No. १३८), Worst Forms of Child Labour Convention, १९९९ (No. १८२) नियमित प्रतिवेदन र Right to Organise and Collective Bargaining Convention, १९४९ (No. ९८) को Out of cycle (Requested by ILC) गरी ५ वटा प्रतिवेदन रोजगारदाता र श्रमिक सँगठन र सम्बन्धित मन्त्रालयका प्रतिनिधि रहेको समितिबाट तयार गरी पठाईएको।
- श्रम प्रशासन सुधार र श्रम निरीक्षकहरुको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम शुरु गरिएको ।
- श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट माग भए बमोजिम पाँच बर्ष पुरा गरेका विदेशी नागरिकलाई श्रम ईजाजतको म्याद थप गर्न स्वीकृति प्रदान गरिएको।

### २. बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखाः

- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ प्रतिस्थापन गरी नयाँ ऐन निर्माणका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएपछि बालश्रम ऐन तर्जुमा समिति गठन भई ऐनको मस्यौदा तैयारीको कार्य अन्तिम चरणमा रहेको ।
- बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि संशोधनका लागि समिति गठन भई संशोधनको मस्यौदा तयारीको कार्य भइरहेको ।
- कार्यस्थलमा तापको अधिकतम स्तर सम्वन्धी मापदण्ड, २०८२ स्वीकृत गरी कार्यान्वयनमा लगिएको ।
- बालश्रममुक्त घोषणा गरिएका विभिन्न स्थानीय तहबाट प्रतिवेदन प्राप्त भइरहेको ।

### ३. श्रमिक कल्याण तथा सामाजिक संरक्षण शाखाः

- सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ (पहिलो संशोधन २०८२) स्वीकृत भई सो वमोजिम योगदानकर्ता सापटी निर्देशिकाका प्रावधानहरु मिलान गरी दोश्रो संशोधन तयार गरिएको।
- सामाजिक सुरक्षा कोष ईन्टर्न परिचालन कार्यविधि, २०८१ (पहिलो संशोधन) स्वीकृत भई कार्यान्वयनमा आएको । कार्यविधि वमोजिम कोष केन्द्रीय कार्यालय, शाखा तथा सम्पर्क कार्यालयहरुमा इन्टर्न छनौट गरी काममा खटाइएको ।
- ट्रेड युनियन ऐन, २०४९ को संशोधनका लागि उद्योग वाणिज्य महासंघ, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र लगायतको सहभागितामा समिति गठन भई कार्य भइरहेको ।

## (घ) आन्तरिक रोजगार व्यवस्थापन महाशाखा

### १. रोजगार समन्वय तथा सीप विकास शाखाः

- अन्तर्राष्ट्रिय श्रम सँगठनको प्राविधिक सहयोगमा **Detail Project Report (DPR)** तयार गरे वमोजिम व्यावसायिक प्रशिक्षण केन्द्र, बलवा, महोत्तरीको भवन निर्माण कार्य सञ्चालन चरणमा रहेको ।

- **"राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८१"** दर्ता हुन पत्राचार गरिएकोमा मिति २०८२/०७/११ मा दर्ता भएको।
- **कार्यस्थलमा आधारित तालिम सञ्चालन कार्यविधि, २०८२** को मस्यौदा उपर सम्बन्धित निकायहरुबाट राय/सुझाव प्राप्त भई कार्यविधि निर्माणको अन्तिम चरणमा रहेको ।

२. <u>रोजगार कार्यक्रम व्यवस्थापन शाखाः</u>

- रोजगार कार्यक्रमलाई थप व्यवस्थित, नतिजामुखी एवं प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन निर्देशिका मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयनमा आएको ।
- स्वीकृत निर्देशिकामा भएका व्यवस्था तथा प्रावधानहरुका सम्बन्धमा स्पष्टता कायम गर्न सबै स्थानीय तहमा कार्यरत रोजगार संयोजकहरुलाई अनलाइन माध्यमबाट तीन दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
- कार्यक्रम कार्यान्वयनको क्रममा आर्थिक अनुशासन कायम गर्न, एकरुपता ल्याउन तथा बेरुजु न्यूनीकरण गर्न तयार गरिएको कार्यक्रम कार्यान्वयन मार्गदर्शन आवश्यक कार्यार्थ सबै स्थानीय तहहरुमा पठाइएको ।
- रेमी (ReMi) परियोजना लागु भएका स्थानीय तहहरुमा कार्यरत सम्वद्ध कर्मचारीहरुको वित्तीय व्यवस्थापन पक्ष सुदृढ गर्ने उद्देश्यले वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको ।
- आन्तरिक रोजगार प्रवर्द्धन अभियान सञ्चालन रणनीति निर्माण तयारी थालिएको ।
- रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मार्फत बेरोजगार व्यक्तिको सूची संकलन गरी प्रकाशन गरिएको ।

३. <u>सूचना प्रविधि तथा तथ्याङ्क शाखाः</u>

- मन्त्रालय र अन्तर्गत निकायको सूचना प्रणालीलाई एकत्रित गरी डिजिटलाइजेशन गर्ने सम्बन्धी कार्य शुरु गरिएको ।
- वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीलाई प्रदान गरिने राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्बन्धी सूचना प्रकाशन गरी आवेदन संकलन गरिएको ।
- यस मन्त्रालय र अन्तर्गत निकायमा भइरहेका काम कारवाही तथा नीति नियम एवम् कार्यनिर्देशिका लगायतका सूचनाहरु माग गरी विभिन्न सेवाग्राहीहरुबाट दिएको निवेदन वमोजिमका सूचना उपलब्ध गराइएको ।
- मन्त्रालयका सूचना प्रविधि प्रणालीहरु (IT Systems) लाई चुस्त र निरन्तर रुपमा सञ्चालन एवं व्यवस्थापन गरिएको ।